# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
# मितिः २०८२।१०।२९ गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ८५ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः बिहान ८:०० बजे।**

## तपसिल

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समीक्षा सम्बन्धमा। | १ |
| योजनाहरुको स्रोत सुनिश्चितता गर्ने सम्बन्धमा। | २ |
| प्रदेश सरकार समपूरक योजना माग गर्ने सम्बन्धमा। | ३ |
| प्रदेश सरकार विशेष योजना माग गर्ने सम्बन्धमा। | ४ |
| कर्मचारीहरुको तहवृद्धि गर्ने सम्बन्धमा। | ५ |
| शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | ६ |
| भू-उपयोग परिषदको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | ७ |
| “कानेपोखरी गाउँपालिकाको सहकारी एकीकरण सम्बन्धी कार्यविधि,२०८२” स्वीकृतीका लागि पेश गर्न सम्बन्धमा। | ८ |
| “सहकारी ऐन,२०७४” को दफा “३२” कार्यान्वयन गर्ने सम्बन्धमा। | ९ |
| प्रदेश सरकार योजना माग गर्ने सम्बन्धमा। | १० |
| विविध। | ११ |

**गाउँपालिका**
**अध्यक्ष**

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।१०।२८ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष | ५ नं. वडाध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरुः**

पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार

झपटुलाल राजबंशी | सुफल मुर्मु सतार | केशव दाहाल | रखिलाल चौधरी

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
## मितिः २०८२।१०।२९ गते बसेको बैठक

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।१०।२९

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान ८:०० बजे।

उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |
| १७. | श्री केशव दाहाल | का.वा.वडाध्यक्ष, वडा नं.२ | |
| १८. | श्री रखिलाल चौधरी | का.वा.वडाध्यक्ष, वडा नं.५ | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
# मितिः २०८२।१०।२९ गते बसेको बैठक

**निर्णय नं.(१)**

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका बैठकको गणपुरक संख्या पुरा भएको हुँदा बैठक संचालन प्रकृया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समिक्षा तथा बिश्लेषण गरियो।

**निर्णय नं.(२)**

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा योजनाहरुको स्रोत सुनिश्चितता गर्ने सम्बन्धमा।

**देहायः**

| | स्वीकृत योजनाको नाम | योजना संचालन हुने स्थान | योजनाको लागत अनुमान (पी.एस, भ्याट तथा कन्टीन्जेंसी सहित) रु. | विनियोजित बजेट रु. | श्रोत सुनिश्चित गर्न पर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Construction of School Building of Janakalyan Ma.Vi. | कानेपोखरी गाउँपालिका वडा नं. ०७ । | २८,५७९,७९५.७८ | जि.स.स. बाट आ.व. २०८२/८३ कोलागी १.०५ करोड | १८,०७९,७९५.७८ | |
| २ | Construction of ward no. 02 & 03 Healthpost Boundary wall & Gate. | कानेपोखरी गाउँपालिका वडा नं. ०२ र ०३ । | ५,४४५,१८७.५१ | जि.स.स. बाट २०८२/८३ कोलागी २० लाख | ३०,४५,१८७.५१ | |
| ३ | COMPOUND WALL WORK AT SINGADEVI MA. VI. | कानेपोखरी गाउँपालिका वडा नं. ०५ । | ४,१८४,४६७.३३ | रु. १० लाख (चालु आ व बजेट शिर्षक नं. ११८.२१९.२२.१.१३१) | ३,१८४,४६७.३३ | |
| ४ | Construction of 4 roomed school building at Bal Ma.Vi. | कानेपोखरी गाउँपालिका वडा नं. ०३ । | १६,२०४,३३५।५७ | रु. ५५ लाख (चालु आ व शिक्षा पूर्वाधार) | १०,७०४,३३५।५७ | |
| ५ | Construction of Kochini Khola Multicell Culvert. | कानेपोखरी गाउँपालिका वडा नं. ०१, होक्लाबारी। | ५,१३३,१९८.९३ | रु. २५ लाख (चालु आ व प्रदेश शशर्त) | २,६३३,१९८।९३ | |
| ६ | Road improvement with drain along Triveni chowk south sauni majhi house culvert, kanepokhari 04, Morang. | कानेपोखरी गाउँपालिका वडा नं. ०४ । | 4,020,889.32 | मिति २०८२/०६/०२ गतेको १९ औ अधिवेसनबाट कार्यक्रम संसोधन भई रु. १० लाख विनियोजन भएको | ३,०२०,८८९।३२ | |

माथि उल्लेखित अनुसार तयार भएको लागत अनुमान अनुसार विनियोजित रकम भन्दा उल्लेखित बढि रकम रु. ३७,६२२,६८६.९३को श्रोत सुनिश्चित गरी सार्वजनिक खरिद नियमावलीको नियम १४ (क) बमोजिम लागत अनुमान स्वीकृत गरी यस निर्माण कार्यको खरिद प्रक्रिया विधुतीय बोलपत्र प्रणाली मार्फत अगाडी बढाउन मनासिब देखि निर्णयार्थ पेश गरेको छु ।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
## मितिः २०८२।१०।२९ गते बसेको बैठक

**निर्णय नं.(३)**

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हने समपूरक अनुदान प्राप्त गर्नका लागि यस गाउँपालिका अन्तर्गत संचालन हुने तपसिल बमोजिमका योजनाहरुलाई प्राथमिकीकरणका आधारमा छनौट गरी सिफारिस गर्ने निर्णय सर्वसम्मत निर्णय पारित गरियो |

**तपसिल**

| क्र. सं. | संघीय आयोजना/कार्यक्रमको नाम | वडा नं. | लागत स्टिमेट | दुरी/वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| १. | भौंसाबारी बहत्तरबिघे चिसाङ्गखोला सडक कालोपत्रे,वडा नं. ५ | ५ | ३,२२,१५,८०५.३२५ | १.९३५ कि.मि. | |
| २. | श्री पञ्चज्योती आ.वि.भवन निर्माण,कानेपोखरी-६ | ६ | ४,७३,८३,४३६.०६ | ३९० वर्ग मि. | |

**निर्णय नं.(४)**

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हने विशेष अनुदान प्राप्त गर्नका लागि यस गाउँपालिका अन्तर्गत संचालन हुने तपसिल बमोजिमका योजनाहरुलाई प्राथमिकीकरणका आधारमा छनौट गरी सिफारिस गर्ने निर्णय सर्वसम्मत निर्णय पारित गरियो |

**तपसिल**

१. कानेपोखरी खानेपानी योजना/खानेपानी टयाङ्की निर्माण, वडा नं.१-७

## निर्णय नं.(५)

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा "कानेपोखरी गाउँपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि,२०८१" अनुसार तहवृद्धि समितिबाट सिफारिस भएको तपसिल बमोजिमको कर्मचारीहरुको तहवृद्धि गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| अधिकृत तहबाट तहवृद्धि भएका कर्मचारीहरुः |
|---|

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
## मितिः २०८२।१०।२९ गते बसेको बैठक

| क्र.सं. | कर्मचारीहरुको नाम,थर | हालको सेवा/समूह/उपसमूह | हालको पद/तह | तहवृद्धि भएको पद/तह |
|---|---|---|---|---|
| १. | दिपक गुरागाँई | स्थानीय ईन्जिनियरिङ/सिभिल/जनरल | ईन्जिनियरिङ,सातौं | ईन्जिनियरिङ,आठौं |
| **सहायक तहबाट तहवृद्धि भएका कर्मचारीहरुः** | | | | |
| **क्र.सं.** | **कर्मचारीहरुको नाम,थर** | **हालको सेवा/समूह/उपसमूह** | **हालको पद/तह** | **तहवृद्धि भएको पद/तह** |
| १. | यादव प्रसाद निरौला | स्थानीय प्रशासन/प्रशासन/सामान्य प्रशासन | सहायक पाँचौ | अधिकृत, छैटौं |
| २. | ओमबहादुर मगर | स्थानीय प्रशासन/प्रशासन/सामान्य प्रशासन | सहायक पाचौं | अधिकृत, छैटौं |

### निर्णय नं.(६)

प्रस्ताव नं.(६) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको शिक्षा समितिको मिति २०८२।१०।२७ गते बसेको बैठकबाट छलफल भई स्वीकृतीका लागि पेश भएको निम्नलिखित निर्णयहरु यस बैठकमा दफाबार छलफल भई स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**प्रस्तावहरुः**

१। कक्षा थप सञ्चालन अनुमति सम्बन्धमा ।

२। अनुमति बाहेक थप कक्षा सञ्चालन सम्बन्धमा ।

**निर्णयहरुः**

१। प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कानेपोखरी गाउँपालिकाभित्र सञ्चालित तपसिलका संस्थागत विद्यालयहरुले कक्षा थप सञ्चालनका लागि निवेदन पेश गरेकोमा शिक्षा शाखाबाट स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा कानेपोखरी गाउँपालिकाको शिक्षा ऐन, २०८० को अनुसूची-१ बमोजिम विद्यालय थप कक्षा सञ्चालनका लागि न्यूनतम आवश्यक पूर्वाधार पुरा गर्न बाँकी देखिएको तर समुदायको आवश्यकता समेत मध्ये नजर गरी प्रचलित नियम बमोजिमका भौतिक पूर्वाधार लगायतका मापदण्ड एक वर्षभित्रमा पुरा गर्न लगाउने र सो नगरेमा थप कक्षा सञ्चालनको अनुमति स्वतः रद्द हुने गरी कबुलियतनामा गराएर थप कक्षा सञ्चालनको अनुमतिका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने । जेनिथ इङ्गलिस स्कूल, कानेपोखरी-६ लाई शैक्षिक सत्र २०८२ देखि आधारभूत तहको देहायमा उल्लेख गरिएका कक्षा सञ्चालनको लागि अनुमति प्रदान गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो । साथै श्री पपुलर इङ्गलिस स्कूल, कानेपोखरी-७ ले अघिल्लो शैक्षिक सत्र २०८१ र २०८२ मा क्रमशः कक्षा ३ र ४ को कक्षा थप सञ्चालनका लागि निवदेन दिएको हुनाले शैक्षिक सत्र २०८३ देखि कक्षा ५ सम्म सञ्चलानका लागि अनुमति प्रदान गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

कक्षा थप सञ्चालनका लागि निवेदन पेश गर्ने संस्थागत विद्यालयहरुः

| क्र.स. | विद्यालयको नाम | ठेगाना | हाल सञ्चालित | थप गर्न चाहेको |
|---|---|---|---|---|

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
# मितिः २०८२।१०।२९ गते बसेको बैठक

| | | | कक्षा | कक्षा |
|---|---|---|---|---|
| १. | जेनिथ इङ्गलिस स्कूल | कानेपोखरी-६, रमाइलो | ७ | ८ |
| २. | श्री पपुलर इङ्गलिस स्कूल | कानेपोखरी-७, त्रिवेणी चौक | २ | ३-५ |

कक्षा थप सञ्चालनका लागि सिफारिस गरिएका संस्थागत विद्यालयहरुः

| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालनका लागि सिफारिस गरिएका थप कक्षा |
|---|---|---|---|
| १. | जेनिथ इङ्गलिस स्कूल | कानेपोखरी-६, रमाइलो | ८ |
| २. | श्री पपुलर इङ्गलिस स्कूल | कानेपोखरी-७, त्रिवेणी चौक | ३-५ |

२। प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कानेपोखरी गाउँपालिकाभित्र सञ्चालित कुनै पनि संस्थागत विद्यालयहरुले अनुमति बाहेकका कक्षाहरु सञ्चालन गरेको पाइएमा प्रचलित नियमअनुसार धरौटी जफत गरी कक्षा सञ्चालन अनुमति रद्द गर्ने निर्णय गरियो ।

## निर्णय नं.(७)

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको भू-उपयोग परिषद समितिको मिति २०८२।१०।२८ गते बसेको बैठकबाट छलफल भई स्वीकृतीका लागि पेश भएको निम्नलिखित निर्णयहरु यस बैठकमा छलफल भई अनुमोदन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**प्रस्तावहरुः**

१.नक्सा सिट छुटेको सम्बन्धमा।

२.माथिल्लो निकायमा विवरण पठाउने सम्बन्धमा।

**निर्णय नं.(१)**

क) कानेपोखरी गाउँपालिका अन्तर्गत स्थानीय भू-उपयोग परिषदले स्विकृत गरेको GIS नक्सामा पालिकाको सिमाना फरक परेर आएका समस्याहरु सम्बन्धमा साविक बयरवन ३ को केही भाग, होक्लाबारी-८ को केहि भाग, होक्लाबारी-२ "ख" पुरै सिट, होक्लाबारी-२ को केहि भाग जग्गा वर्गीकरण छुटेको देखिएको साथै अन्य नक्साहरुमा छुट भएको देखिएमा जुन ठाउँको नक्सा सिट छुटेको हो सोहि ठाउँको सम्बन्धित वडा कार्यालयले परिषदको मापदण्ड अनुसार स्थलगत सर्जमिन सहित फिल्ड स्केच कित्ता नं. र क्षेत्रफल खुलाई मालपोत नापी कार्यालय बेलबारीमा कित्ता काटको लागि सिफारिस गर्ने भनि निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय (२)**

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा उल्लेखित निर्णय, मालपोत तथा नापी कार्यालय बेलबारीलाई पठाउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(८)

प्रस्ताव नं.(८) का सम्बन्धमा छलफल गर्दा गाँउपालिका अध्यक्षज्यू मार्फत बैठक समक्ष पेश हुन आएको "कानेपोखरी गाउँपालिकाको सहकारी एकीकरण सम्बन्धी कार्यविधि,२०८२" उपर दफाबार छलफल भयो र, बैठकमा पेश भए बमोजिम उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

## निर्णय नं.(९)

प्रस्ताव नं.(९) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका अन्तरगत रहेका विभिन्न उद्धेश्यका सहकारी संस्थाहरुलाई "सहकारी ऐन,२०७४" को दफा "३२" को उपदफा "२" बमोजिम "कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुनु नपाउने" विषयलाई कार्यान्वयन गर्न कानेपोखरी गाउँपालिकाको सहकारी शाखा मार्फत सूचना जारी गरी कार्यान्वयन गर्ने निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
## मितिः २०८२।१०।२९ गते बसेको बैठक

**निर्णय नं.(१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा कोशी प्रदेश सरकार प्रदेश योजना आयोगको सूचना अनुसार कानेपोखरी गाउँपालिकाको तपशिल बमोजिमका योजनाहरू प्रदेश सरकार, प्रदेश योजना आयोग, कोशी प्रदेश, बिराटनगरमा योजना माग गर्न कानेपोखरी गाउँकार्यपालिकालाई सिफारिस गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**क. भौतिक पूर्वाधार विकास मन्त्रालय तपसिलका योजनाहरु माग पेश गर्ने,**

१.बाँसबारी- सुन्दरबस्ती- बयरबन बजार कल्भर्ट सडक कालोपत्रे का.गा. पा.वडा नं. ०५,

२.कदमचौक- दोमना (कानेपोखरी गा. पा.सिमाना सम्म) सडक कालोपत्रे का.गा. पा.वडा नं. ०३,

३.चालिसबिघे-घलेटोल-वडा नं.६,प्रहरी चौकी उत्तर सडक कालोपत्रे का.गा. पा.वडा नं. ५,६ र ७

४.पुतलीचौक-डाँडा टोल सडक कालोपत्रे का.गा. पा.वडा नं. ०१

५.चिउरामिल दोगडिया सडक कालोपत्रे ०२

६.गैरीगाउँ- रिमालचौक सडक स्तरोन्नती का.गा. पा.वडा नं. ०४

७.कटुवाल चोक ठुलोगाउ भौसावारी सडक कालोपत्रे वडा नं ५

८.धावीटोल मैनावारी सडक कालोपत्रे वडा नं २

९.लिम्बुटोल प्रधान टोल ड्रेन निर्माण वडा नं २

१०.कालिस्थानमा ड्रेन निर्माण वडा नं २

११.दिपेन्द्र चोकदेखी डाँसखोला सम्म ड्रेन निर्माण वडा नं ३

१२.पुतली चोक बाट झोलुङ्गेपुल हुदै जिल्ला सडक कालोपत्रे वडा नं १

१३.मंगलबारे चोक हुदै जिल्ला सडक शान्तीचोक सडक स्तरउन्नत वडा नं १

१४.डिपुबाट कदम चोक सडक स्तरउन्नत वडा नं १

१५.लक्ष्मी चोक हुदै साविक वडा नं ९ बिरटोल सडक कालोपत्रे वडा नं १

१६.बामचोक पुर्व खरेल डाँडा सडक स्तरोन्नति वडा नं ६

१७.दहीदोभान उत्तर दहीखोलामा पुल वडा नं ६

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
## मितिः २०८२।१०।२९ गते बसेको बैठक

१८. वडा नं ६ र ७ को सिमाना मिलनचोक पूर्व अम्बरडाँडा हुदै डाँसखोला सम्म सडक ड्रेन निर्माण वडा नं ६
१९. शिवालय टोलको ठाडो सडक ड्रेन निर्माण वडा नं ६
२०. चालिस बिघे देखी ६ नं वडा सम्म जोड्ने सडक कालोपत्र वडा नं ७
२१. आईतबारे जहदा सडक स्तरोन्नती वडा नं ७
२२. शान्ती देखी ६ नं वडा जोड्ने सडक कालोपत्रे वडा नं ७
२३. अधिकारी चोक फर्निचरबाट पूर्व आदर्शटोलहुदै ट्रान्सफरमर चोकसम्म सडक स्तरोन्नति भलुवा खोलामा कलभर्ट निर्माण, वडा नं.६
२४. नारायणमगरको घरपुर्व देखी पान्थरे टोलको ठाडो सडक स्तरोन्नति,६
२५. भौंसाबारी देखी त्रिवेणी चौकसम्म सडक स्तरोन्नती क्रमागत
२६. हस्तिनापुर देखी गैरी गाउँ सडक स्तरोन्नती क्रमागत
२७. प्रणामी डाँडादेखि पूर्व पिङ्गडाँडा हुँदै पथरीशनिश्चरे ८ जोड्ने सडक स्तरोन्नती
२८. प्रणामी डाँडा रिमाल चोक सम्म सडक कालोपत्रे।
२९. शेर्मा टोल कटान नियन्त्रणको लागि ड्रेन निर्माण।
३०. सुनकोशी बचत सा.को.स. उत्तर देखि वडा नं.७ जोडने सडक कालोपत्रे, कानेपोखरी-६
३१. ज्यामिरे देखि हनुमानचोक,शिवालय दहिखोला सडक कालोपत्रे,वडा नं.६
३२. श्री मा.वि.होक्लाबारी पूर्वाधार विकास निर्माण,वडा नं.१
३३. श्री बाल मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.३
३४. श्री जनकल्याण मा.वि. पूर्वाधार विकास निर्माण,वडा नं.७
३५. श्री शिक्षा विकास मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२
३६. श्री शिक्षा सदन मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.३
३७. श्री मा.वि.भौंसाबारी पूर्वाधार विकास निर्माण, वडा नं.५
३८. श्री सिंहदेवी मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.५
३९. श्री बलदेव मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२
४०. श्री पञ्चज्योती आ.वि. पूर्वाधार विकास निर्माण , वडा नं.६
४१. श्री जनमत सरस्वती आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२
४२. श्री प्रेम लक्ष्मी आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२
४३. श्री मैनावारी आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२
४४. श्री लक्ष्मी आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.३
४५. श्री सूर्योदय आधारभूत विद्यालयको पूर्वाधार विकास निर्माण, वडा नं.४
४६. श्री पञ्चकन्या आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.४
४७. श्री सगरमाथा आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.१
४८. श्री जनता आ.वि. चिसाङ पूर्वाधार विकास निर्माण, वडा नं.५

४९. बिहिवारेमा सामुदायिक भवन निर्माण वडा नं ६

५०. मंगलवारे बजारमा सार्वजानिक शौचालय निर्माण वडा नं ६

५१. कानेपोखरी-४ को हाटबजारको टहरा निर्माण तथा व्यवस्थापन

५२. दलेली बजार ब्यावस्थापन वडा नं २

५३. साना किसान सहकारीलाई पूर्वाधार निर्माण अनुदान

५४. भेटेरिनरी अस्पताल निर्माण

५५. कानेपोखरी गाउँपालिका वडा नं.१ विसनपुरबाट वडा नं.२ सिमलगाछी जोडने चिसाङखोलामा पक्की पुल निर्माण,वडा नं.१,२

५६. सूचना प्रणालीमा आधारित कार्यालय व्यवस्थापनका लागी तथा फाईबर तथा सर्भर,आईपी टेलिफोनी,फायरवाल,आदि जडान।

**ख. <u>खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय तपसिलका योजनाहरु माग पेश गर्ने,</u>**

१. कालीकोशी २ नम्बर पैनी बाध तथा क्यानल निर्माण वडा नं ५

२. लिम्बुटोल सिंचाई कूलो आयोजना वडा नं २

३. धाद्रा सिंचाई आयोजना वडा नं २

४. ओमशान्ती चोक देखी मान ब कार्की को घरसम्म राते पैनी मा सिंचाईको लागी क्यानल निर्माण वडा नं ३

५. डाँसखोला दही दोभान बाध बृहत बाध निर्माण वडा नं ३

६. श्री कृष्ण पैनीको पश्चिम पट्टी  सिंचाईको लागि मर्मत।

७. डाँसखोला कटानमा तटबन्धन वडा नं.३

८. कडिया पैनी देखी गुरुङ टोलसम्म पैनी निर्माण,वडा नं.४

९. हात्तीडुब्बा देखी मन्त्रीचोक जोड्ने सडकको भलुवा खोलामा कल्भर्ट निर्माण,वडा नं.४

१०. डाकिनी पैनी मुहान संरक्षण तथा क्यानल निर्माण वडा नं. ५

११. कालीकोशी मुहान संरक्षण विकास कार्यक्रम,कानेपोखरी-५

१२. चिसाङ खोला तटबन्धन परिवर्तित टोल-अधिकारी टोल वडा नं. ५,

१३. चिसाङ खोला तटबन्धन वडा नं. २ धाबीटोल तथा वडा नं. १ बिरटोल नाका,वडा नं.१,२

१४. कानेपोखरी देखि रङगेली सडक सोलार बत्ति जडान

१५. सिरानटोल- ट्रान्समिटर चोक-डुम्रीघाट-भौंसाबारी सडकमा सोलार बत्ति जडान, वडा नं.५

१६. बयरवन खानेपानी जोगीकुटी आयोजना, वडा नं.३

**ग. <u>पर्यटन, वन तथा वातावरण मन्त्रालय तपसिलका योजनाहरु माग पेश गर्ने,</u>**

१. कारीकोशी मुहान संरक्षण तथा पर्यटन प्रवर्धन कानेपोखरी ५

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
## मितिः २०८२।१०।२९ गते बसेको बैठक

२.भुल्के सिमसार पूर्वाधार विकास कार्यक्रम,कानेपोखरी-६

३.भलुवा सिमसार पूर्वाधार विकास कार्यक्रम,कानेपोखरी-७

४.ऐतिहासिक कानेपोखरी पूर्वाधार विकास कार्यक्रम, कानेपोखरी-७

५.कालीकोशी मुहान संरक्षण विकास कार्यक्रम,कानेपोखरी-५

घ. <u>सामाजिक विकास मन्त्रालय तपसिलका योजनाहरु माग पेश गर्ने,</u>

१.दलित समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण

२.विपन्न, सीमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण

३.अपाङ्गता रोकथाम तथा पुनः स्थापन कार्यक्रम

४.लैङ्गिक हिंसा निवारणका लागि कार्यक्रम

५.दलित सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम

६.रमाईलो बहुमुखी क्याम्पसलाई अनुदान, कानेपोखरी-५

७.श्री मा.वि.होक्लाबारी पूर्वाधार विकास निर्माण,वडा नं.१

८.श्री बाल मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.३

९.श्री जनकल्याण मा.वि. पूर्वाधार विकास निर्माण,वडा नं.७

१०. श्री शिक्षा विकास मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२

११. श्री शिक्षा सदन मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.३

१२. श्री मा.वि.भौंसाबारी पूर्वाधार विकास निर्माण, वडा नं.५

१३. श्री सिंहदेवी मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.५

१४. श्री बलदेव मा.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२

१५. श्री पञ्चज्योती आ.वि. पूर्वाधार विकास निर्माण , वडा नं.६

१६. श्री जनमत सरस्वती आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२

१७. श्री प्रेम लक्ष्मी आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२

१८. श्री मैनावारी आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.२

१९. श्री लक्ष्मी आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.३

२०. श्री सूर्योदय आधारभूत विद्यालयको पूर्वाधार विकास निर्माण, वडा नं.४

२१. श्री पञ्चकन्या आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.४

२२. श्री सगरमाथा आ.वि. पूर्वाधार विकास निर्माण, वडा नं.१

२३. श्री जनता आ.वि. चिसाङ पूर्वाधार विकास निर्माण, वडा नं.५

२४.बिहिवारेमा सामुदायिक भवन निर्माण वडा नं ६

२५.मंगलवारे बजारमा सार्वजानिक शौचालय निर्माण वडा नं ६

२६.सूचना प्रणालीमा आधारित कार्यालय व्यवस्थापनका लागी तथा फाईबर तथा सर्भर,आईपी टेलिफोनी,फायरवाल,आदि जडान।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
# मितिः २०८२।१०।२९ गते बसेको बैठक

**ङ. <u>स्वास्थ्य मन्त्रालय तपसिलका योजनाहरु माग पेश गर्ने,</u>**

१. USG मेसिनरी स्वस्थ्य औजार उपकरण खरिद तथा व्यवस्थापन

**च. <u>उद्योग, कृषि तथा सहकारी मन्त्रालय तपसिलका योजनाहरु माग पेश गर्ने,</u>**

१. परम्परागत उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण

२. दलहन, तेलहन उत्पादन कार्यक्रम

३. कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम

४. आलु प्रवर्द्धन कार्यक्रम

५. गरिबी निवारणाका लागी लघु उद्यम विकास कार्यक्रम

६. च्याउ उत्पादन तथा प्रशोधन तालिम

७. माटो सुधारका लागि कृषि चुन र हरियो मल प्रवर्द्धन कार्यक्रम

८. रेविज रोग नियन्त्रणका लागि सामुदायिक कुकुर बन्ध्याकरण शिविर

९. पशुपंछी उपचार सेवा

१०. कानेपोखरी-४ हाटबजारको टहरा निर्मान तथा व्यवस्थापन, वडा नं.४

११. दलेली बजार व्यवस्थापन, वडा नं.२

१२. साना किसान सहकारीलाई पूर्वाधार निर्माण।

**छ. <u>आन्तरिक मामिला तथा कानून मन्त्रालय तपसिलका योजनाहरु माग पेश गर्ने,</u>**

१. मेलमिलाप तथा न्यायिक विषयमा सम्बन्धित पक्षको कानुनी क्षमता अभिवृद्धि कार्यक्रम।

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
## मितिः २०८२।१०।२९ गते बसेको बैठक

**<u>निर्णय नं.(११)</u>**

प्रस्ताव नं.(११) का सम्बन्धमा छलफल गर्दा निम्नलिखित विभिन्न बुँदामा छलफल गरी भुक्तानी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी निम्नानुसार,**

| क्र.सं. | विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १. | कानेपोखरी-५ बस्ने रानी माया राईको घरमा जंगली हात्तिले कम्पाउण्ड,पिलर,तराजाली भत्काई तोडफोड गरी १५ कठ्ठा क्षेत्रफलमा लगाएको ४५ मन धान खाई पुर्ण रुपमा नष्ट गरेकाले विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| २. | कानेपोखरी-५ बस्ने अनिल राईको जंगली हात्तीले १५ कठ्ठा जमिनमा लगाएको मकैको बोट खाई,उखाली पुर्ण रुपमा नष्ट गरेकाले विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| ३. | कानेपोखरी-५ बस्ने ओमबहादुर थापाको जंगली हात्तीले १ विघा १० कठ्ठाको क्षेत्रफलको धानको कुन्यु अन्दाजी ९० मन धान र कालोदाल पुर्ण रुपमा नष्ट भएकाले विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| ४. | कानेपोखरी-५ बस्ने कुमार गुरुङको जंगली हात्तीले काठको खम्बा टिनको छानो र बासको बेराले १ तले घरको टाँटा बेरा भत्काएर २ बोरा चामल र १ ड्रम भरेर राखेको चामल खाई,छरी पुर्ण रुपमा नष्ट गरेकाले राहत विपद व्यवस्थापन शीर्षकबाट दिने, | रु.७,०००।- | |
| ५. | कानेपोखरी- ५ बस्ने मन माया वनको जंगली हात्तीले १५ कठ्ठा जमिनमा लगाएको कोलाको घरी, बोटबिरुवा क्षति विक्षत गरि १५०० घरी कोलाको बोट पुर्ण रुपमा नष्ट भएकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| ६. | कानेपोखरी- ५ बस्ने प्रेम कुमार विष्टको जंगली हात्तीले १ बिघा १० कठ्ठा क्षेत्रफल भएको जमिनमा लगाएको पसाउदै गरेको केराको बोट | रु.१५,०००।- | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
# मितिः २०८२।१०।२९ गते बसेको बैठक

| | | | |
|---|---|---|---|
| | र घरी गरि जम्मा ६०० केराको बोट खाई, उखाली, भाची पुर्ण रुपमा नष्ट गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | | |
| ७. | कानेपोखरी- ५ बस्ने हेमन्त विष्टको जंगली हात्तीले १५ कठ्ठा जमिनमा लगाएको मकै अन्दाजी १५०० बोट १ कठ्ठामा लगाएको अनारस अन्दाजी १२०० बोट र ३ बिघामा लगाएको केरा ५४०० बोट खाई उखाली भाची माडी पुर्ण रुपमा नष्ट गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.१५,०००।- | |
| ८. | कानेपोखरी ५ बस्ने बम बहादुर राईको जंगली हात्तीले ६ कठ्ठा जमिनमा लगाएको मकै अन्दाजी ६०००० बोट, २ कठ्ठा जग्गामा लगाएको उखु अन्दाजी २५०० बोट र १ विघा जमिनमा लगाएको केरा अन्दाजी १००० बोट खाई, उखाली,भाची,माडी पुर्ण रुपमा नष्ट गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.१५,०००।- | |
| ९. | कानेपोखरी ५ बस्ने बुद्धिमान राईको जंगली हात्तीले १ बिघा १० कठ्ठा क्षेत्रफल भएको जमिनमा लगाएको पसाउदै गरेको केराको बोट अन्दाजी ८०० केराको बोट खाई, उखाली,भाची,माडी पुर्ण रुपमा नष्ट गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| १०. | कानेपोखरी-५ बस्ने पुर्ण बहादुर अधिकारीको जंगली हात्तीले ३ बिघा जमिनमा लगाएको पसाउदै गरेको घरी सहितको अन्दाजी ३००० बोट केरा खाई, उखाली,भाची,माडी पुर्ण रुपमा नष्ट गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| ११. | कानेपोखरी-५ बस्ने भुपाल खवासको जंगली हात्तीले १० कठ्ठा जमिनमा लगाएको केरा बगानमा हिड्ने क्रममा सबै खुट्टाले टेकी खाई, उखाली,भाची नष्ट गरेको र १० कठ्ठा जमिनमा लगाएको तोरी बारिमा समेत हिड्ने क्रममा हात्तिको बथानले अन्दाजी ५ कठ्ठा बराबरको तोरी पुर्ण रुपमा नष्ट गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| १२. | कानेपोखरी-५ बस्ने उत्तम विष्टको जंगली हात्तीले १ बिघा क्षेत्रफल भएको जमिनमा लगाएको केराको बगानमा अन्दाजी ३०० केराको बोट खाई, उखाली,भाची, हिड्ने क्रममा माडी नष्ट गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८५/२०८२/०८३
## मितिः २०८२।१०।२९ गते बसेको बैठक

| | | | |
|---|---|---|---|
| १३. | कानेपोखरी-५ बस्ने ललिता सुवेदीको जंगली हात्तीले ५ कठ्ठा क्षेत्रफल भएको जमिनमा लगाएको केराको बगानमा अन्दाजी ३०० केराको बोट र ३ कठ्ठामा लगाएको मकै अन्दाजी ८०० बोट खाई, उखाली,भाची, माडी नष्ट गरि क्षती गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| १४. | कानेपोखरी-५ बस्ने कल्पना राईको जंगली हात्तीले १ विघा जमिनमा लगाएको केराको बगानमा अन्दाजी ८५० केराको बोट र मकै अन्दाजी १००० बोट खाई, उखाली,भाची, माडी नष्ट गरि पुर्ण रुपमा क्षती गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| १५. | कानेपोखरी-५ बस्ने अजय थापा मगरको जंगली हात्तीले १ विघा जमिनमा लगाएको केराको बगानमा अन्दाजी १३०० पसाउदै गरेको केराको बोट बिरुवा खाई, उखाली,भाची, माडी नष्ट गरि पुर्ण रुपमा क्षती गरेकोले राहत वापत विपद व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने, | रु.८,०००।- | |
| १६. | कानेपोखरी-५ बस्ने कुम्भकर्ण सार्की जंगली हात्तीले सिमेन्टको पिल्लर बासको टाटीले बारेको टिनको छानो भएको १ तले घरको उत्तरतर्फको बेरा भत्केको दक्षिण तर्फको घरको पुतली पाखा भत्केको भान्साकोठा भत्किएको साथै मकै ५ मन धान १० मन खाई छरी नष्ट गरि पूर्ण रुपमा क्षति भएकोले राहत माग । | रु.८०००।- | |
| १७. | कानेपोखरी-५ मा रहेको जलेश्वर शिवालय मन्दिर मन्दिरको जंगली हात्तीले कम्पाउन्डमा लगाएको सिमेन्टको पिलर, तार जाली भत्काई भित्र पसि उत्तर तर्फको ढोका फुटाई मुर्तिमा क्षति पुर्याएको साथै दक्षिण तर्फको ढोका बिजुलीको तार चुडाई मेन स्वीच बक्स समेत फुटाई क्षति पुर्याएकोले राहत माग । | रु.८,०००।- | |
| १८. | कानेपोखरी-५ बस्ने बल बहादुर कार्कीको जंगली हात्तीले ८ कठ्ठा क्षेत्रफल भएको जमिनमा लगाएको धान, मकै, आलु खाई, उखाली,भाची, माडी पुर्ण रुपमा नष्ट गरि क्षती गरेकोले राहत माग । | रु.८,०००।- | |
| १९. | कानेपोखरी-५ बस्ने जमुना दर्जीको जंगली हात्तीले सिमेन्टको पिलर, टिनको छानो र टिनको बेरा भएको १ तले भुई घरको टिनको बेरा भत्काई पुर्ण रुपमा क्षती गरेकोले राहत माग । | रु.८,०००।- | |

## नागरिक उपचार सहयाता कोषबाट भुक्तानी दिने,

| क्र.सं. | विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १. | कानेपोखरी-३ बस्ने बलराम कोईरालाको नाती ३ वर्षिय रिदिस | रु.१५,०००।- | |

| | | | |
|---|---|---|---|
| | कोईरालालाई किड्नीमा रोग लागेको तर घरको आर्थिक अवस्था अन्तयन्त नाजुक रहेकाले उपचार सहयोग वापत रु | | |
| २. | कानेपोखरी-३ बस्ने मुनर मण्डललाई मुखको क्यान्सर दिर्घकालीन रोग लागेको तर घरको आर्थिक अवस्था अत्यन्त नाजुक रहेकाले उपचार सहयोग वापत रु. | रु.१५,०००।- | |
| ३. | कानेपोखरी-३ राजगञ्ज बस्ने फेक्नी ऋषिदेवको घरको आर्थिक अवस्था अत्यन्त कमजोर भै विधुत्तिय महशुल समेत तिर्न नसक्ने अवस्था रहेकाले आर्थिक सहयोग वापत रु. | रु.७,०००।- | |
| ४. | कानेपोखरी-३ बस्ने सोपेती लिम्बुलाई दिर्घकालीन रोग लागेको तर घरको आर्थिक अवस्था अत्यन्त नाजुक रहेकाले उपचार सहयोग वापत रु. | रु.८,०००।- | |

**कार्यक्रम शीर्षकबाट भुक्तानी दिने,**

| क्र.सं. | विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १. | सुकुना बहुमुखी क्याम्पसमा BBA अध्ययनरत विद्यार्थीहरु शैक्षिक भ्रमणका लागि विविध कार्यक्रम खर्च शिर्षकबाट | रु.१०,०००।- | |

**विद्युतसँग मिल्दो शीर्षकबाट भुक्तानी दिने,**

| क्र.सं. | विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १. | कानेपोखरी-१ झरनाघुट्टुमा रहेको सुरक्षित नागरिक आवासका लागि ११ वटा घरधुरीमा विद्युत मिटर जडानका लागि विजुली शीर्षकबाट भुक्तानी दिने, | रु.४३,०००।- | |